# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०७।३० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

--------------------------------------------------

श्री नवादेउ प्राथमिक विद्यालय, अछाममा कार्यरत प्राथमिक तहका शिक्षक धोज बहादुर रावलले प्रयोग गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली भएकोले छानविन गरी कारवाही गरी पाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यामिक शिक्षा परिषद, इलाहाबादबाट सन् १९९१ मा सञ्चालन भएको माध्यामिक परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको भनिएको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी